# मन्टेश्वरी तालिम (समूह नं. ८)

लामाटार, प्रतिवेदन

**प्रतिवेदन पेश गरिएको**

जिल्ला विकास समितिको कार्यालय

मानभवन, ललितपुर

**प्रतिविन पेश गर्ने संस्था**

आदिवासी जनजाति महिला युवा संजाल

पुल्चोक, ललितपुर

# लामाटारका महिलाहरुलाई लक्षित गरी संचालन गरिएको

# ***मन्टेश्वरी तालिम*** कार्यक्रमको

# प्रतिवेदन

**परिचय**

आदिवासी जनजाति महिला युवा संजालको आयोजना तथा ललितपुर जिल्ला विकास समितिको आर्थिक सहयोगमा ललितपुर जिल्लाको लामाटारका विद्यालयका शिक्षकहलाई लक्षित गरी ***मन्टेश्वरी तालिम*** कार्यक्रम सम्पन्न गरिएको थियो ।

नेपाल विकासौन्मुख राष्ट्र हो । यहाँको शैक्षिक अवस्था सामान्य रुपमा ७० प्रतिशत भन्दा माथि साक्षर देखाएता पनि वास्तविक शैक्षिक अवस्था र गुणस्तर कम रहेको छ । साथै नेपालमा २०७२ वैशाखमा आएको भूकम्पले हालसम्म पनि वालवालिकाहरुमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा असर पारीरहेको छ । सिप नै आजको आवश्यकता भएको हुनाले र बेरोजगारीहरुलाई सिप सिकाउनु पर्ने र क्षमता विकास गर्नु पर्ने भएको हुनाले यो कार्यक्रम सम्पन्न गरिएको हो । साथै स्थानिय विद्यालयहरुमा क्षमता विकास आवश्यक रहेको हुनाले यो कार्यक्रम स.चालन गरिएको थियो । महिला, युवाहरु आफ्नो भविष्य निर्माण गर्नको लागी केही सिक्नुपर्ने अवस्था भएको समयसमा संक्रमणकालीन अवस्था भएको हुनाले त्यस्ता समुदायहरुलाई केही रुपमा भएता पनि सकारात्मक शिक्षा आर्जनको निमित्त उनीहरुमा वातारण तयार गर्नको लागी तथा आफुलाई आफ्नो क्षमता विकास गरी रोजगारीको अवसर सृजना गर्नको लागी जिल्ला विकास समिति ललितपुरको आयोजनामा तथा आदिवासी जनजाति महिला युवा संजालको आयोजना तथा व्यवस्थापनमा स्थानिय विद्यालयका शिक्षकहरुलाई लक्षित गरी कक्षा संचालन गरि कार्यक्रम प्रतिवेदन तयार गरिएको छ ।

**कार्यक्रमको उद्देश्य**

- लक्षित स्थानिय विद्यालयका शिक्षकहरुलाई मन्टेश्वरी तालिमको बारेमा शिक्षा दिनु ।
- प्रशिक्षार्थीहरुलाई प्रशिक्षक शिक्षा दिनु ।
- बेरोजगार रहेका युवा महिलाहरुलाई स्वरोजगार स्थापना गर्न क्षमता विकास गर्ने ।

## कार्यक्रम संचालन विधि

कार्यक्रम संचालन गर्नको लागी संस्थाले सर्वप्रथम स्थानिय समुदायहरुसँग छलफल गरेको थियो । स्थानिय विद्यालयका शिक्षकहरु त्था समुदायहरुको सरसल्लाह अनुसार पायक पर्ने स्थानमा कार्यक्रम संचालन गर्नको लागी स्थान चयन गरिएको थियो । स्थानिय स्तरमा सहभागीहरुको व्यवस्थापन गर्न स्थानिय विद्यालयहरुसँग सहकार्य गरिएको थियो । सहभागीहरुको छनौट गरि सके पश्चात विषयमा विज्ञ प्रशिक्षक मार्फत कक्षा संचालन गरिएको थियो । कक्षा संचालन प्रशिक्षकको सम्बन्धित विषयमा विज्ञ दुर्गा श्रेष्ठलाई प्रशिक्षकको रुपमा व्यवस्थापन गरिएको थियो । प्रशिक्षकले फोटोकपी, व्हाइट बोर्ड, ब्राउन पेपर आदिको माध्यम मार्फत प्रशिक्षित गराएका थिए । विशेष गरी वालवालिकाहरुलाई भोलीको भविष्यको कर्णधार बनाउनको लागी उनीहरुलाई सानो वालवच्चा छँदा नै सकारात्मक क्रियाहलापहरुको बारेमा सिकाउन आवश्यक छ । यसकारण उमेरको हिसाबले करिब एक वर्ष वा एक वर्ष आधा उमेरका वाल वच्चाहरुलाई बोल्न सिकाउने, नाच्न सिकाउने, गाउन सिकाउने, खान, लुगा लगाउन, खेल्न, शाारिरीक व्यायाम सिकाउने, साथै कसरी लेख्ने, खेल्ने, अध्ययन गर्ने भन्ने बारेमा पढाएर भन्दा पनि अभ्यासको माध्यमबाट सिकाउनु नै मन्टेश्वरी कक्षा हो  उक्त कार्यक्रममा सोही अनुसार वालवालिकाहरुलाई सिकाउने, क्षमता विकास गराउने तालिम संचालन गरिएको थियो ।

## उपलब्धिहरु

लक्षित स्थानिय विद्यालयका शिक्षकहरुलाई तालिम मार्फत केही रुपमा भएता पनि क्षमता विकास भएको छ । उनीहरुले आफ्नो क्षेत्रमा तथा अन्य क्षेत्रहरुमा गएर भएता पनि सम्बन्धित विषयको बारेमा संचालनमा प्रशिक्षकको रुपमा तालिम दिन वा शिक्षकको रुपमा काम गर्न सक्छन् । यसैगरी अप्रत्यक्ष रुपमा उनीहरुले परिवारमा, समाजमा अन्य महिला युवाहरुलाई पनि तालिम दिएर थप अरुलाई क्षमताको विकास गर्न सक्नेछ । यसले स्थानिय सम्बन्धित निकायहरुमा थप सहयोग पुग्नेछ ।

## चुनौतीहरु

अहिलेको समय वर्षाको समय भएको कारण कार्यक्रम व्यवस्थापन गर्न निकै नै अप्ठेरो परेको थियो । यसो हुनाको कारण ललितपुर जिल्ला विकास समितिले दिने कार्यक्रमहरु माघ महिना भित्रमा संझौता गरेको भए हतारमा काम गर्नुपर्ने थिएन । वर्षाको समय भएको र गाडी जान आउन पनि

समस्या भएको कारण निकै नै व्यवस्थापन गर्न गाह्रो भएको थियो । यसको साथै निकै खर्च पनि भएको हुनाले दिएको रकमले व्यवस्थापन गर्न गाह्रो भएको थियो ।

**सुझावहरु**

- जिल्ला विकास समितिको कार्यक्रमहरु आगामी दिनहरुमा कम्तिमा माघ महिनामा संझौता गर्ने किसिमले सम्पन्न गर्नु पर्ने ।
- स्थानिय समुदायहरुको समयलाई ख्याल गरेर कार्यक्रम समय तालिका तयार गर्नुपर्ने ।
- लक्षित समुदायहरुलाई उनीहरुको स्थानिय आवश्यकतालाई ध्यानमा राखेर कार्यक्रमहरु तयार गर्नुपर्ने ।
- यातायात, खाजा खर्चमा आर्थिक व्यवस्थापन गर्नुपर्ने तथा वृद्धि गर्नुपर्ने

**निष्कर्ष**

जिल्ला विकास समिति ललितपुरको आर्थिक सहयोगमा, आदिवासी जनजाति महिला युवा संजालको सहकार्यमा लक्षित समुदायमा गरिएको मन्टेश्वरी स्थानीय विद्यालयका शिक्षकहरुलाई लक्षित गरी संचालन गरिएको र उनीहरुले केही रुपमा भएता पनि क्षमता विकास भएको हुनाले यो कार्यक्रम सफल भएको थियो । यस तालिम पश्चात स्थानिय लक्षित समुदायहरुमा गुणात्मक रुपमा क्षमता तथा सिपमा परिबर्तन आउनेछ । यसलाई सकारात्मक रुपमा लिन सकिनेछ ।